**प्रशासन** मंसिर २०८२, वर्ष ५७, अङ्क २, पूर्णाङ्क १४२, १३-३३
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan. v57i2.91207
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# स्थानीय तहको आवधिक विकास योजनाको निर्माण

**डा. गोपीकृष्ण खनाल**‡

## लेखसार

स्थानीय तहको आवधिक विकास योजना दीर्घकालीन सोचसहित कम्तीमा आगामी पाँच वर्षलाई लक्षित गरी बनाइने रणनीतिक योजना, स्थानगत योजना, विषयगत योजना र कुनै स्थान विशेषका विशिष्ट योजनाको सम्मिश्रण हो। नेपालमा तीव्र गतिमा सहरीकरण भइरहेको छ। गाउँहरू रित्तिने र सहरी क्षेत्र भरिने क्रम बढेको छ। बढ्दो सहरीकरणको परिप्रेक्ष्यमा आगामी दिनमा स्थानीय तहहरूले स्थानगत आवधिक योजना निर्माण कार्यलाई उच्च प्राथमिकतामा राख्नु आवश्यक छ। स्थानगत आवधिक विकास योजनाले स्थानीय विकासका आवश्यकता र यसमा गरिने क्रियाकलापहरूलाई स्थानीय भूगोल र प्राकृतिक अवस्थासँग जोड्छ। स्थानीय तहको आवधिक योजनामा रणनीतिक मार्गदर्शनको अंश सानो तर स्थानगत सम्भागको पक्ष विस्तृत हुनु पर्नेमा सो हुन नसकेका कारण हाल निर्माण भएका आवधिक योजनाहरू कार्यान्वयनमा आउन सकेका छैनन्। नेपाल सरकारले प्रदेशसँग सहकार्य गरी स्थानीय नागरिक, स्थानीय जनप्रतिनिधि र स्थानीय तहका कर्मचारीतन्त्रको स्वामित्वबोध हुनेगरी स्थानगत आधारमा आवधिक योजना निर्माणमा सहयोग गर्न सक्नुपर्छ। स्थानीय तहले आवधिक योजना निर्माण गर्दा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजना सूची समेत तयार गर्नुपर्ने कानुनी व्यवस्थालाई कार्यान्वयन गरी यिनै सूचीका आधारमा परियोजना बैंक निर्माण गरी यी परियोजनालाई मध्यकालीन खर्च संरचनामा समावेश गरी यसैको आधारमा वार्षिक विकास योजना निर्माण गर्ने पद्धतिको खाँचो रहेको छ। यो विवरणात्मक लेखमा स्थानगत आवधिक विकास योजनाका अवधारणा र यसका सम्भागबारे चर्चा

‡ *पूर्व सचिव, नेपाल सरकार*
*इमेल: gopikhanal@gmail.com*

गरिएको छ। यो लेख स्थानीय तहका जनप्रतिनिधि र स्थानीय तहको आवधिक विकास योजना निर्माणका सरोकारवालाई लक्षित गरिएको छ।


***शब्दकुञ्जीः*** स्थानगत योजना, रणनीतिक योजना, भू-उपयोग योजना, स्थानीय विकास, दिगो विकास।

## परिचय

स्थानीय तहको विकास योजना निर्माण गर्दा राष्ट्रिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेख गरिएका विषयक्षेत्रलाई समेटी स्थानगत आधारमा बनाउनुपर्छ। स्थानगत आवधिक विकास योजनाले स्थानीय बासिन्दा र त्यहाँको भूगोलबीच अन्तरसम्बन्ध कायम गरी स्थानीय तहमा गरिने सडक निर्माण, भू-उपयोग, वातावरण संरक्षण, बस्ती विकास, सहरी पुनःरोत्थानका पूर्वाधार निर्माण आदिका नक्सा, स्थान, मापदण्ड, निर्माण योजना, परियोजना खाका, गुणस्तर आदि सहित स्थानीय नागरिकहरूको आर्थिक तथा सामाजिक समृद्धिलाई प्रवर्द्धन गर्न भौतिक खाका प्रदान गर्छ। यो योजनाले स्थानीय तहको यातायात, वातावरण संरक्षण, स्थानीय आर्थिक विकास, शिक्षा, स्वास्थ्य एवं सामाजिक विकास, पूर्वाधार विकास जस्ता क्षेत्रलाई समेट्ने गर्दछ। स्थानगत आवधिक विकास योजना स्थानीय तहको विकास तथा समृद्धिको रूपरेखा मात्र नभई उक्त क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण र मानव र प्रकृतिबीचको तालमेलको मार्गदर्शन पनि हो (UN Habitat Nepal, 2025)।

स्थानगत योजनाका वास्तविक योजनाकारहरू स्थानीय जनता नै हुन्, र यसको निर्माणमा संलग्न प्राविधिक जनशक्तिले यो योजना निर्माण गर्दा स्थानीय जनताका प्रतिनिधिसँग सँगै बसेर स्थानीय जनतासँग घनिष्ठ संवाद र सहकार्य गरेर बनाउनुपर्दछ। यो योजना वार्षिक विकास कार्यक्रमको कार्यान्वयनको वास्तविक स्रोत हो। यो योजना मसिनो रूपमा केलाएर बनाइने योजना हो। जापानी आर्किटेक्ट केन्जो टाँगेले लुम्बिनीको गुरु योजना बनाउँदा सोही क्षेत्रमा बसी कुना-कुना केलाएर यसको ऐतिहासिक अध्ययन गरी पर्याप्त छलफलपछि निर्माण गरेका थिए (Lumbini Social Service Foundation, n.d.)। त्यसैले कुनै स्थानको स्थानगत आवधिक विकास योजना बनाउँदा सो स्थानको भूगोल, आर्थिक-सामाजिक परिवेश, इतिहास, मूल्य, मान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषण गरेर मात्र निर्माण गर्नुपर्दछ।

*आकृति १ : लुम्बिनी गुरूयोजना*




*श्रोतः (Lumbini Social Service Foundation, n.d.)*

## आवधिक विकास योजनासम्बन्धी कानुनी व्यवस्थाहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक, विषयक्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ (नेपाल सरकार, २०७४)। सो ऐनमा यसरी योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक विकास तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने उल्लेख गरिएको छ।


स्थानीय तहले आवधिक योजना निर्माण गर्दा (१) आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, (२) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, (३) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, (४) स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, (५) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, (६) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, (७) लैङ्गिक समानता र

सामाजिक समावेशीकरण अभिवृद्धि हुने, (८) दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, (९) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना तथा सामाजिक सद्भाव र एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने विषयलाई प्राथमिकता दिनुपर्दछ (नेपाल सरकार, २०७४)।

स्थानीय तहहरूले आवधिक, रणनीतिक तथा क्षेत्रगत योजना निर्माण गर्दा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाको सूची समेत तयार गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। स्थानीय तहको आवधिक योजनाको सहजीकरणका लागि राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन कार्यान्वयनमा ल्याएको छ (राष्ट्रिय योजना आयोग, २०७८)। यो दिग्दर्शनले विषयक्षेत्रगत योजना तर्जुमा गर्दा स्थानगत योजना **(Spatial Planning) को** अवधारणामा आधारित भई भौगोलिक सूचना प्रणाली वा एकीकृत योजना तर्जुमा सम्बन्धी सफ्टवेयरको प्रयोग गर्न सुझाव दिएको छ।

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ मा वार्षिक बजेटमा समावेश भएका आयोजना वा कार्यक्रमलाई स्वीकृत दीर्घकालीन वा विषयक्षेत्रगत योजनाले निर्धारण गरेका स्थानीय विकासका प्राथमिकता क्षेत्रअनुसार सांकेतीकरण गरेको भन्ने सूचक समावेश गरिएको छ। उक्त कार्यविधिमा वार्षिक योजनामा सडक गुरुयोजनाले प्राथमिकीकरण गरेको सडकको प्रतिशत तथा जोखिम संवेदनशील भू-उपयोग योजनाको निर्माणलाई समेत अङ्कभार प्रदान गरिएको छ (नेपाल सरकार, २०८२)।

*आकृति २: स्थानीय तहको आवधिक विकास योजनाका खण्डहरू*




*Source : UN-Habitat Nepal (2025)*

## स्थानगत आवधिक विकास योजनाका सम्भागहरू

## भू-उपयोग क्षेत्र

एकीकृत स्थानगत आवधिक विकास योजनाको सबैभन्दा महत्वपूर्ण पाटो सो क्षेत्रको दिगो भू-उपयोग योजनाको निर्माण हो। नेपाल भूकम्पीय जोखिम क्षेत्रमा रहेकाले यहाँ जोखिम संवेदनशीलता विश्लेषण गरी भू-उपयोगको आधारमा मात्र संरचना तथा पूर्वाधारहरू निर्माण गर्नुपर्दछ। भू-उपयोग योजना निर्माण गर्दा नेपाल सरकारबाट जारी गरिएको भू-उपयोग ऐन, २०७६ लाई आधार मान्नुपर्दछ।

उक्त ऐनअनुसार स्थानीय तहले भू-उपयोग योजना निर्माण गर्दा आफ्नो क्षेत्रको भूगोललाई भू-बनोट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा (१) कृषि क्षेत्र, (२) आवासीय क्षेत्र, (३) व्यावसायिक क्षेत्र, (४) औद्योगिक क्षेत्र, (५) खानी तथा खनिज क्षेत्र, (६) वन क्षेत्र, (७) सांस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र, (८) नदी, खोला, ताल तथा सिमसार क्षेत्र, (९) सार्वजनिक उपयोगको क्षेत्र र (१०) आवश्यकता अनुसार अन्य क्षेत्रमा विभाजन गर्नुपर्छ (नेपाल सरकार, २०७६)।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(२) मा "स्थानीय तहहरूले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकिएको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सकिनेछ" भनी उल्लेख गरिएको छ (नेपाल सरकार, २०७४)। यस प्रावधानमा रही स्थानीय तहहरूले भू-उपयोग योजनाको आधारमा कुन क्षेत्रमा कस्तो संरचना निर्माण गर्ने भन्ने सम्बन्धमा नियमन गर्न सक्दछन्। सोही ऐनको दफा २७(३) मा पालिकाको पूर्व स्वीकृति नलिई कसैले पनि भवन निर्माणका लागि जग्गा खण्डीकरण वा प्लटिङ गर्न नपाउने व्यवस्था गरिएको छ।

भू-उपयोग योजना निर्माण गर्दा भौगोलिक सूचना प्रणाली (GIS Map) मा आधारित भई निर्माण गर्नुपर्दछ। हाल QGIS जस्ता ओपन सफ्टवेयर उपलब्ध भएकाले यस्तो नक्सा बनाउन त्यति कठिन हुँदैन। यस्ता नक्साहरू अन्य सफ्टवेयरमा पनि बनाउन सकिन्छ।

नेपाल सरकारबाट स्वीकृत गरिएको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को बुँदा ११ मा स्थानीय तहहरूले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले

तोकेको प्रक्रिया पूरा गरी नगर क्षेत्रमा पूर्ण वा आंशिक रूपमा जोखिम संवेदनशील भू-उपयोग नक्सा (Risk Sensitive Land Use Map) कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यो प्रयोजनका लागि स्थानीय तहको परिषद्ले राष्ट्रिय वन नीति, २०७१ ले आत्मसात गरेको "एक घर-एक रूख, एक गाउँ-एक वन, एक नगर-अनेक उद्यान" को अवधारणालाई मध्यनजर गर्दै राष्ट्रिय भू-उपयोग नीति, २०७२ र राष्ट्रिय भू-उपयोग ऐन, २०७६ का आधारमा भूमिलाई विभाजन गरी भू-उपयोग नक्सा तयार गर्नुपर्ने र तोकिएको क्षेत्रमा तोकिएको प्रयोजनका लागि मात्र निर्माण अनुमति प्रदान गर्न सकिने प्रावधान रहेको छ।

जिल्ला विपद् व्यवस्थापन समितिले विशेषज्ञहरूको संलग्नतामा जोखिमयुक्त क्षेत्रको पहिचान गरी भवन निर्माणमा प्रतिबन्ध लगाउन सिफारिस गरेमा स्थानीय तहले त्यस्तो क्षेत्रमा भवन निर्माण अनुमति दिन नसक्ने प्रावधान समेत उक्त बुँदामा रहेको छ (सहरी विकास मन्त्रालय, २०७२)।

*आकृति ३ : भू-उपयोग योजनाका वर्गीकरण क्षेत्रहरू*




## हरियाली तथा वातावरणा संरक्षण क्षेत्र

हरियाली तथा वातावरण संरक्षण योजनामा नगरपालिकाले आफ्नो क्षेत्रमा आवश्यक पार्कहरू, हरित उद्यानहरू, बोटानिकल गार्डेनहरू, वन क्षेत्रहरू, चिडियाखाना, स-साना हरित आइल्यान्डहरू, सरसफाइ, ल्यान्डफिल साइटहरू, प्रदूषण नियन्त्रण, सडक आसपास हरियाली, ताल-पोखरीको निर्माण तथा संरक्षण, स्थानीय इनार तथा पानीका मुहानको संरक्षण, नदी किनारको संरक्षण आदि विषयहरू समेट्नुपर्छ। यस

योजनामा बर, पिपल, शमी आदिका चौतारोहरूको निर्माणका विषयहरू पनि समावेश हुने गर्दछ। कतिपय देशहरूले यस योजनामा Eco-design का अवधारणा समेत अघि सारेका छन्।

राम्रा गाउँ तथा नगरहरूमा हरियाली हुने गर्दछ। नेपालमा पनि प्राचीन कपिलवस्तु र प्राचीन जनकपुर फूल र बगैंचाले सजिएको सुन्दर सहर थियो भन्ने कुरा इतिहासमा पढ्न पाइन्छ (नेपाल सरकार, २०७४)। सार्वजनिक संरचना निर्माण गर्दा आसपास पर्याप्त हरियाली हुने गरी निर्माण गर्नुपर्दछ। हरियाली वातावरण क्षेत्रको प्रवर्द्धनका लागि स्थानीय तहले वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ लाई कार्यान्वयनमा ल्याउनुपर्छ। यस प्रारूपले घरपरिवारदेखि जिल्ला तहसम्मका वातावरणमैत्री स्थानीय शासनका सूचकहरू समावेश गरेको छ (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८)।

## स्थानीय यातायात क्षेत्र


नगरपालिकाहरूले स्थानीय आर्थिक विकास र सार्वजनिक सेवामा स्थानीय नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्थानीय यातायात योजना निर्माण गर्नुपर्दछ। यस योजनामा योजना अवधिभर निर्माण हुने सडक तथा यातायातका अन्य माध्यमको खाका तयार गरिन्छ। सडक निर्माण गर्दा सडकको अधिकार क्षेत्र समेत उल्लेख गर्नुपर्छ। सहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२ ले सडक अधिकार क्षेत्रसम्बन्धी स्पष्ट व्यवस्था गरेको छ।

सहरी क्षेत्रमा हाल सवारीसाधनरहित सडक (No Car Street) को अवधारणा विश्वव्यापी रूपमा कार्यान्वयनमा आएको छ। सहरहरू सवारीसाधनका लागि मात्र नभई साइकल र पैदलयात्रीका लागि समेत उपयोगी हुने गरी निर्माण गर्नुपर्दछ। सामान्यतया सहरको डिजाइन गर्दा १५ मिनेटसम्मको दूरीभित्र मानिसलाई हिंड्न प्रोत्साहन गर्ने गरी डिजाइन गर्नु उपयुक्त मानिन्छ (Steuteville, 2021)। वातावरण तथा मानव स्वास्थ्यका दृष्टिले घना सहरी क्षेत्रमा साइकल लेनबिनाको सडक निर्माण गर्नु उचित मानिँदैन।

स्थानीय तहले सडक निर्माण गर्दा कम्तीमा पेटी (फुटपाथ) सहितको सडक निर्माण गर्नुपर्दछ। सडक यातायात गुरुयोजनामा सडकको नामाकरण, सडकको अधिकार क्षेत्र तथा सेटब्याक निर्धारण, सडक

खण्डको निर्धारण, सडकको लम्बाइ किटान, सडकको मूल प्रयोगको निर्धारण तथा सडकसम्बन्धी अन्य विवरण समावेश गर्नुपर्छ (Ministry of Federal Affairs and Local Development, 2012)।

*आकृति ४: भरतपुर महानगरको यातायात गुरुयोजना*




**(क) स्थानीय सार्वजनिक पूर्वाधार विकास क्षेत्र:** यस योजनामा खेलकुद ग्राउन्ड, जलविद्युत, कभर्ड हल, सामुदायिक भवनहरू, सिटी हल, रंगशालाहरू, वडा कार्यालयलगायत पालिकाका कार्यालयहरू, पर्यटकीय पूर्वाधारहरू आदि समावेश गरिन्छ।

**(ख) एकीकृत बस्ती विकास, जग्गा एकीकरण तथा आवास क्षेत्र:** नेपालका प्राचीन बस्तीहरू एकीकृत नै थिए। अझै पनि काठमाडौं उपत्यका, हिमाली क्षेत्र र तराईका कतिपय स्थानमा एकीकृत बस्तीहरू रहेका छन्। ग्रामीण क्षेत्रमा रहेका नगरपालिकाहरूको सबैभन्दा ठूलो चुनौती भनेकै बस्तीको एकीकरण हो। एकीकृत बस्तीले सार्वजनिक सेवा, सडक लगायतका सार्वजनिक पूर्वाधारको लागत घटाइदिन्छ। यसले सामाजिक पूँजी बढाउँछ। अनुसन्धानहरूले यसले आर्थिक गतिविधिमा समेत उत्पादकत्व बढाउने देखाएका छन्।

जग्गा एकीकरण (Land Pooling) ले बस्ती बसाउनका लागि वा कृषि प्रयोजनका लागि नमिलेका चोचामोचा जग्गाहरूलाई मिलेको प्लटमा रूपान्तरण गरिदिन्छ। बस्ती विकासका लागि गरिने जग्गा एकीकरणमा एकीकरणपश्चात व्यक्तिको जग्गा क्षेत्रफल घटे पनि साविकको भन्दा बढी मूल्यको घडेरीमा रूपान्तरण हुने गर्दछ (सहरी विकास मन्त्रालय, २०४५)। स्थानीय तहहरूले सस्तो स्थानको जग्गा किनेर त्यसलाई व्यवस्थित घडेरीका रूपमा विकास गरी बिक्री गरेर पनि एकीकृत बस्ती विकास गर्न सक्छन्।

एकीकृत बस्ती विकास गर्दा मलिला धान फल्ने स्थानमा गर्नु उपयुक्त हुँदैन। पुराना बस्तीहरूलाई विकास गर्नुपर्दछ। अब बस्ती विस्तार छरिएका सहर (Sprawl City) भन्दा बस्तीको सघनता (Compact City) मा जोड दिने गरिएको छ, ताकि सानो स्थानबाट मानिसले हिंडेरै सेवा पाउन सकून्। सरकारी कार्यालय राख्दा पनि छरपस्ट रूपमा भन्दा एकीकृत रूपमा राख्दा सेवा प्रवाह र समन्वयमा सहजता हुन्छ।

**(ग) स्थानीय आर्थिक विकास क्षेत्र:** स्थानीय आर्थिक विकास योजनामा निजी लगानी परिचालन, बाह्य लगानी आकर्षण, लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, लगानी बढाउन पूर्वाधार निर्माण, औद्योगिक करिडोर, औद्योगिक ग्राम निर्माण, आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन, बहुप्राविधिक शिक्षालय निर्माण, वस्तु-विशेषका औद्योगिक क्षेत्र निर्माण जस्ता विषयहरू समावेश हुन्छन्।

नेपाल सरकारले हाल "एक पालिका-एक औद्योगिक ग्राम" अवधारणा कार्यान्वयनमा ल्याएको छ। कतिपय स्थानीय तहहरूले "एक स्थानीय तह-एक उत्पादन" अवधारणा ल्याएका छन् भने कतिपयले "एक घर-एक उत्पादन" अवधारणा पनि अघि सारेका छन्। स्थानीय आर्थिक विकास योजनामा निजी लगानीको समेत प्रक्षेपण गर्नुपर्दछ। सक्षम स्थानीय तहहरूले निजी क्षेत्रको लगानी आकर्षित गर्ने उपायहरू अवलम्बन गरेका हुन्छन् (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७९)।

**(घ) स्थानीय सामाजिक विकास तथा सार्वजनिक सेवा सम्बन्धी योजन:** स्थानीय तहको जिम्मेवारीमा शिक्षा, स्वास्थ्य, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, बाल विकास आदि सामाजिक विकासका क्षेत्रहरू पर्दछन्। यसका अतिरिक्त अग्नि नियन्त्रण, नगर प्रहरी, सिफारिसलगायत अन्य सार्वजनिक सेवाको जिम्मेवारी पनि रहेको छ। आफ्नो क्षेत्रमा सुविधासम्पन्न अस्पताल स्थापना गर्न नगरपालिकाले पहल गर्नुपर्दछ। दुई वा दुईभन्दा बढी पालिका मिलेर पनि यस्ता विशिष्ट अस्पताल निर्माण गर्न सक्छन्।

कतिपय नगरपालिकाहरूले सार्वजनिक विद्यालयमा विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणित (STEM) परियोजना अघि सारेका छन् भने कतिपयले "एक विद्यालय-एक विशेषता" कार्यक्रम सञ्चालन गरेका छन्।

**(ङ) विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील विकास क्षेत्र:** राम्रा सहर र गाउँमा पर्याप्त खुला स्थान रहने गर्दछ। सक्षम सहर र गाउँहरू उत्थानशील हुने गर्दछन्, जसले उनीहरूलाई विपद्सँग जुध्न सक्षम बनाउँछ। उत्थानशील विकास योजना विपद् तथा जलवायुसँग सामना गर्ने योजना हो। भवन संहिताको कार्यान्वयन, सहरी योजनाको कार्यान्वयन, भूकम्प प्रतिरोधी भवन निर्माण, विपद्का लागि पूर्वतयारी, वर्षादको पानी सङ्कलन, जलाधार क्षेत्र निर्माण आदि विषयहरू यसमा पर्दछन्।

अहिले कतिपय स्थानमा पानीका मुहान सुक्दै जाँदा बस्तीहरू नै सर्न थालेका छन्। नेपालमा केही दशकअघि जतासुकै पोखरीहरू हुने गर्दथे, जसले पानीका मुहान जोगाउने कार्य गर्दथे। पोखरी संरक्षण जलवायु परिवर्तनसँग जुध्न उपयोगी हुन्छ। पानी सुकेको रानीपोखरी अहिले पुनर्जीवित भएको छ। नेपालमा यस्ता प्राचीन पोखरीहरू छन्, जसको संरक्षण आवश्यक छ।

**(च) सहरी पुनरोत्थान तथा पुनर्निर्माण क्षेत्र:** ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका प्राचीन बस्तीहरूले आफ्नो मौलिकता जोगाउन, सम्पदाको संरक्षण गर्न तथा आफ्नो स्थानलाई पर्यटकीय आकर्षणको केन्द्र बनाउन सहरी पुनरोत्थान योजना निर्माण गर्नु जरुरी हुन्छ। सबै नगरपालिकाहरूमा यस्ता स्थान उपलब्ध नहुन सक्छन्।

नवलपरासीको रामग्राम, दैलेखको दुल्लु, जुम्लाको सिंजा, रुपन्देहीको लुम्बिनी, कपिलवस्तुको तिलौराकोट, धनुषाको जनकपुर, डडेलधुराको जोगबुढा, दोलखाको पुरानो दोलखा बजार, भोजपुरको दिङ्ला, मुस्ताङको लोमाङथाङ, काभ्रेको पनौती तथा दाप्चा, बाराको सिम्रौनगढ, काठमाडौंको साँखु आदि क्षेत्रमा यस्तो योजना निर्माण गरी ती क्षेत्रको प्राचीन गौरव पुनर्स्थापित गर्न सकिन्छ।

## स्थानगत आधारमा आवधिक विकास योजना बनाउन आवश्यक जनशक्ति

**(क) प्राविधिक विज्ञको सहभागिता:** स्थानगत आधारमा आवधिक विकास योजना निर्माणमा संलग्न परामर्शदाताको टिममा प्राविधिक विज्ञहरूको बहुलता हुनु आवश्यक छ। उक्त विज्ञ टिमले स्थानीय तहका जनप्रतिनिधिको प्रत्यक्ष निर्देशन र समन्वयमा रही स्थलगत रूपमा नियमित रूपमा बसि कार्य योजना निर्माण गर्नुपर्छ (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७५)। यो योजना बाहिर बसेर बनाउने योजना होइन। यो योजना स्थानीय जनताको सुखसमृद्धि र सुविधाको दीर्घकालीन

खाका भएकाले योजना निर्माणमा संलग्न कार्य टोलीले नगरपालिकाको कुनाकुनामा गएर गहिरो अध्ययन गरी प्राविधिक रूपमा तयार गर्नुपर्छ।

**(ख) स्थानीय सहभागिता र जनशक्ति आवश्यकता :** यो योजनाको बारेमा स्थानीय नागरिकलाई जानकारी हुनु आवश्यक छ र उनीहरूको सहमति जुटाउनु पर्छ। स्थानगत योजना निर्माण गर्दा सहरी योजनाकार, सिभिल इन्जिनियर, आर्किटेक्ट, भौगोलिक सूचना प्रणाली (GIS) विज्ञ, स्थानीय शासन विज्ञ, वातावरण इन्जिनियर, सर्वेयर जस्ता जनशक्तिहरू आवश्यक पर्छ।

यस योजनामा स्थानीय नागरिक, स्थानीय जनप्रतिनिधि र स्थानीय तहका कर्मचारीहरूको अत्यधिक सहभागिता हुनु आवश्यक छ। योजना निर्माण सहभागी ढङ्गले, मिहिन तरिकाले केलाएर बनाइनु पर्छ। विज्ञ टोली नियमित रूपमा स्थानीय तहको परिसरमा कार्यालय खोली अध्यक्ष वा प्रमुखको प्रत्यक्ष निर्देशनमा कार्य गर्नुपर्छ। योजना निर्माण अवधिभर यस टोलीले अन्यत्र काम गर्नु हुँदैन।

नेपालमा वीरेन्द्रनगर, टिकापुर, महेन्द्रनगर, राजविराज, कोहलपुर, लमहीका केही स्थानलाई स्थानगत योजनाका नमूना मानिन्छ। तर ती स्थानहरूमा पनि रैथाने वास्तुकला पर्याप्त ख्याल गरिएको छैन।

**स्थानगत योजना निर्माणका प्रक्रियाहरू:** स्थानगत सम्भागलाई समेत समेटिने गरी निर्माण हुने आवधिक विकास योजना समय र जनशक्तिको माग गर्दछ। यसमा देहायका प्रक्रियाहरू अवलम्वन गरिनु पर्छ।

*तालिका १:* **स्थानगत आवधिक विकास योजनाका क्रियाकलाप**

| क्रियाकलाप |
|---|
| १. कार्यापालिकाको बैठकबाट स्थानगत योजना निर्माणको सैद्धान्तिक निर्णय |
| २. कार्यपालिका बैठकबाट स्थानगत योजना निर्माणको निर्णय |
| ३. स्थानगत योजना निर्माणमा सँलग्न हुने विज्ञका विज्ञ छनौट |
| ४. योजना निर्माण टोलीको परियोजना कार्यालयको भवन उपलब्ध |
| ५. योजना निर्माण टोलीको लजिस्टिक व्यवस्था |
| ६. योजना निर्माण टोलीको लागि अनुशिक्षण, अभिमुखीकरण |
| ७. योजना सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधिलाई अभिमूखीकरण |
| ८. योजना निर्माण |
| ९. योजनाको पुनरावलोकन |

**स्थानगत योजना निर्माणका क्षेत्र र परियोजनाहरू:** स्थानगत योजना निर्माण पछि यसलाई तत्काल कार्यान्वयनमा लैजानु पर्छ। यसको कार्यान्वयन कार्ययोजना समेत निर्माण गरिनु पर्छ। यसको कार्यान्वयनका लागि अत्यावश्यक केही परियोजना सूची तल उल्लेख गरिएको छ।

*तालिका २:* **स्थानगत आवधिक विकास योजनाका सम्भावित परियोजना**

| **क्षेत्र** | **सम्भावित परियोजना** |
|---|---|
| भू-उपयोग योजना,जग्गा एकीकरण तथा बस्ती विकास क्षेत्र | ▪ जोखिम संवेदनशील भूउपयोग क्षेत्रको नक्शाङ्कन तथा भूउपयोग योजनाको विवरण<br>▪ सरकारी भवनको प्रादेशिक वास्तुकलामा आधारित आर्किटेक्चर डिजाइन<br>▪ जग्गा एकीकरण तथा विकास, घर एकीकरण र एकीकृत वस्ती विकास कार्यक्रम<br>▪ आवासीय, व्यापारिक र सामुदायिक भवनहरुको स्थानीय वास्तुकलामा आधारित आर्किटेक्चर डिजाइन<br>▪ जियोस्पासियल मेट्रिक प्रणालीमा आधारित घर नम्बर |
| स्थानीय यातायात तथा सार्वजनिक पूर्वाधार विकास क्षेत्र | ▪ सडकको निर्माण<br>▪ सार्वजनिक सेवाको क्षेत्रहरु, सार्वजनिक विद्यालय, अस्पताल, रङ्गशाला, सभाहलको डिजाइन<br>▪ निर्माण हुने संरचनाको सहरी योजना तथा भवन निर्माण<br>▪ बसपार्क तथा पार्किङ्ग स्थल<br>▪ नदी नियन्त्रण कार्यक्रम<br>▪ विद्युत तथा सूचना प्रविधि सेवा |
| वातावरण संरक्षण क्षेत्र | ▪ पार्क बोटानिकल गार्डेन, सडक दायाबायाँ हरियाली, स-साना उद्यान, वरपिपल चौतारी<br>▪ पार्क, पोखरी, उद्यान तथा खुलास्थानको योजना<br>▪ सहरी सौन्दर्यीकरण योजना<br>▪ ल्याण्डफिल साइट<br>▪ ताल पोखरी संरक्षण, इनार तथा पानीको मुहान संरक्षण र नदी किनार संरक्षण |
| स्थानीय आर्थिक विकास क्षेत्र | ▪ मुख्य बजार केन्द्रहरु, हाट बजार, सङ्कलन तथा चिस्यान केन्द्र<br>▪ लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द<br>▪ औद्योगिक ग्राम निर्माण योजना |

| | |
|---|---|
| | ▪ सतह सिंचाई आयोजना<br>▪ आयमूलक तथा सीपमूलक कार्यक्रम<br>▪ बहुप्राविधिक शिक्षालय |
| सामाजिक विकास क्षेत्र | ▪ स्वास्थ्य संस्था पूर्वाधार संरचना निर्माण र सेवा सञ्चालन योजना<br>▪ खानेपानी, सरसफाई र ढल निकास योजना<br>▪ बाल संरक्षण र बालगृह सम्बन्धी योजना<br>▪ पोषण कार्यक्रम<br>▪ पाइप प्रणालीमा आधारित खानेपानी आयोजना<br>▪ लैंङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम<br>▪ विद्यालय शिक्षामा कृषि, वन, इञ्जिनियरिङ्ग, कम्प्युटर अभ्यास कार्यक्रम<br>▪ ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिमैत्री ग्राम<br>▪ महिला छात्राबास र सेल्टर हाउस |
| पुनरूत्थान र पुनः निर्माण क्षेत्र | ▪ संरक्षित, ऐतिहासिक, साँस्कृतिक र पर्यकटीय क्षेत्र विकास योजना<br>▪ पुननिर्माण तथा पुनर्लाभ योजना<br>▪ पुराना सहर निर्माण |

## स्थानगत आवधिक विकास योजना निर्माण र कार्यान्वयनका चुनौतीहरू तथा संवोधन

**(१) योजना सम्बन्धी आम बुझाइ र त्यसका प्रभावः** नेपालमा “आवधिक योजना” भन्नासाथ राष्ट्रिय योजना आयोग र साविकका जिल्ला विकास समितिले निर्माण गर्ने गरेको योजना हो भन्ने आम बुझाइका कारण स्थानीय तहका योजनामा समेत यसैको अनुशरण हुने गरेको छ। स्थानीय तहका योजनामा रणनीतिक पक्ष सानो हुने र स्थानगत पक्ष अधिक हुने गर्दछ। राष्ट्रिय योजना आयोगबाट निर्माण गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा स्थानगत योजनाका बारेमा केही उल्लेख भए पनि यस योजना कसरी निर्माण गर्ने भन्ने चरणहरू र प्रक्रियाहरू स्पष्ट छैनन्। स्थानगत योजनालाई संस्थागत गर्न राष्ट्रिय योजना आयोगले तयार गरेको दिग्दर्शनलाई परिमार्जन गर्नु आवश्यक छ।

**(२) विस्तृत कार्यन्वयन मार्गदर्शन आवश्यकः** स्थानगत आवधिक योजना निर्माणका लागि राष्ट्रिय योजना आयोगले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सहरी विकास मन्त्रालयसँग सहकार्य गरी विस्तृत योजना तर्जुमा दिग्दर्शन कार्यान्वयनमा ल्याउन आवश्यक छ। हाल यो योजना कसरी निर्माण गर्ने भन्ने सम्बन्धमा सरोकारवालामा अवधारणागत अस्पष्टता देखिन्छ। स्थानीय आवधिक विकास योजना र सहरी विकास मन्त्रालयको लगानीमा निर्माण भएको एकीकृत सहरी विकास योजनाबीच पनि

तालमेल देखिँदैन। योजना निर्माण गर्दा स्थानीय तहका संघ/महासंघसँग पनि सहकार्य गर्नु आवश्यक छ।

**(३) अनुकरणीय उदाहरणको कमी:** नेपालमा स्थानगत योजनाका अनुकरणीय उदाहरणहरू अत्यन्तै कम छन्। पञ्चायतकालमा वीरेन्द्रनगर, टिकापुर, महेन्द्रनगर र राजबिराजमा आंशिकरूपमा स्थानगत योजना अभ्यास गरिएको थियो। लोकतान्त्रिक समयमा भने उल्लेखनीय योजना कार्यान्वयनमा आउन सकेन। संघीयता लागू भएपछि प्रदेशहरूले आफ्नो राजधानी स्थानगत आधारमा योजना बनाई पुनःनिर्माण गर्ने अवसर पाएका थिए। यो अवसर अझै कायम छ।
सहरी विकास मन्त्रालयले नेपालका सबै जिल्लाका सदरमुकाम र जिल्ला सदरमुकामा नरहेका प्रदेश राजधानीहरूको स्थानगत आधारमा विस्तृत गुरुयोजना बनाई कार्यान्वयन गर्न सक्नु पर्छ। हाल नेपालमा सहरी योजनामा विशेषज्ञता भएका मन्त्रीहरू पाउनु दुर्लभ छ। मन्त्रीहरू विषयविज्ञ हुनुपर्ने राजनीतिक सचेतना र संस्कृति विकास हुन सकेको छैन।

**(४) जनशक्तिको अभाव:** स्थानगत आवधिक योजना निर्माणको सबैभन्दा पेचिलो पक्ष भनेको जनशक्तिको अभाव हो। योजना निर्माणमा सहरी योजनाकार लगायत प्राविधिक जनशक्तिको ठूलो खाँचो रहेको छ। यसका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जस्ता संस्थाबाट जनशक्तिलाई प्रमाणित तालिम दिई सो तालिम लिएका जनशक्तिलाई समावेश गर्नु पर्छ।

स्थानगत योजनाको सबैभन्दा आवश्यकता प्रदेश राजधानीहरू रहेका स्थानमा छ। नेपाल सरकारले आवश्यकता अनुसार विदेशबाट विज्ञ जनशक्ति परिचालन गर्न सक्नु पर्छ। दक्षिण एशियामा यस प्रकारको जनशक्तिको कमी देखिन्छ। नेपालले दातृ निकायसँग सहकार्य गरी अनुभव भएका मुलुकबाट विशेषज्ञ परिचालन गर्न सक्छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको प्रदेश तथा स्थानीय शासन कार्यक्रमको स्रोतलाई यस क्षेत्रमा परिचालन गर्न सकिन्छ।

**(५) जोखिम संवेदनशील भू-उपयोगको कार्यान्वयन:** नेपाल सरकारले भू-उपयोग योजना पटकपटक संशोधन गरेको कारण स्थानगत आवधिक योजनाको महत्वपूर्ण पक्ष जोखिम संवेदनशील भू-उपयोग योजना कार्यान्वयनमा आउन सकेको छैन। योजना कार्यान्वयनका लागि नीतिगत स्थिरता र तहगत सरकारबीच सहकार्य आवश्यक छ।

**(६) सहरी विकास र सेवा मापदण्डको अद्यावधिकता:** स्थानगत आवधिक विकास योजनाका लागि सहरी विकास मन्त्रालयले सहरी विकास रणनीतिलाई अद्यावधिक गर्नु आवश्यक छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विषयगत मन्त्रालयसँग सहकार्य गरी सेवा मापदण्ड निर्माण गर्नुपर्छ।

**(७) कार्यान्वयनमा तत्परता:** स्थानगत योजना खर्चिलो भएकाले योजना निर्माण पछि तत्काल कार्यान्वयनमा लैजानु पर्छ। नेपालमा हाल निर्माण भएका रणनीतिक योजनाहरू दराजमा थन्किने गरेको आम गुनासो छ। कतिपय स्थानमा योजना भएपनि आम नागरिकलाई थाहा हुँदैन। स्थानगत योजना निर्माण गर्दा कार्यान्वयन कार्यक्रम समेत आउनु आवश्यक छ। प्रारम्भमा बाह्य सहयोग भए पछि स्थानीय तहका नियमित बजेटबाट योजना कार्यान्वयन गर्न सकिन्छ।

**(८) योजना निर्माणको उपयुक्त** समय: स्थानगत आवधिक योजना निर्माणको उपयुक्त समय भनेको स्थानीय तहको निर्वाचनको पहिलो वर्ष हो। यसले स्थानीय जनप्रतिनिधिलाई योजना स्वामित्वबोध गरी कार्यान्वयनमा लैजान मद्दत गर्छ। नेपालमा अरूले गरेका राम्रा कार्यको स्वामित्वबोध लिन सक्ने राजनीतिक संस्कृति कमजोर भएको कारण योजना कार्यान्वयनमा चुनौती आउँछ।

स्थानगत आवधिक योजना प्राविधिक दस्तावेज भए पनि यो राजनीतिक दस्तावेज पनि हो। रणनीतिक योजना सँगसँगै निर्माण हुनु पर्छ। रणनीतिक योजनाले नीतिगत मार्गदर्शन प्रदान गर्छ भने स्थानगत योजना कार्यान्वयनको स्थलीय खाका प्रदान गर्छ।

**(९) समुदायको सहभागिता:** स्थानगत आवधिक योजना निर्माणका लागि समुदायको सहयोग आवश्यक छ। समुदायको स्वामित्व नभए पछि कार्यान्वयनमा समस्या आउन सक्छ। सडक, पोखरी, नदी आदि कानुनी अधिकार क्षेत्र र स्थलगत अवस्थाबीच भिन्नताका कारण कार्यान्वयनमा समस्या देखिन्छ। सक्षम स्थानीय तहमा टोल विकास संस्थाहरू सक्रिय भएकाले प्रारम्भमा सो संस्थालाई प्राथमिकता दिनु उपयुक्त हुन्छ।

**(१०) सहरी पुनरोत्थान र आर्थिक विकास:**स्थानगत आधारमा बनाईने सहरी पुनरोत्थान योजनाले आर्थिक विकासमा योगदान दिन सक्छ। भारतले अयोध्याको पुनःनिर्माण गरेर यस क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य बनाएको उदाहरण छ। नेपालमा बाराको सिम्रौनगढलाई मिथिला सभ्यताको केन्द्र, धनुषाको जनकपुरलाई वैदिक सभ्यताको पर्यटकीय गन्तव्य बनाउन सकिन्छ। नवलपरासीको रामग्राम, कपिलबस्तुको तिलौराकोट, मुस्ताङ्गको लोमाङ्गथाङ्ग, मोरङ्गको विराटदरबार, पनौती, अर्घाखाँचिको संस्कृत उत्पत्ति स्थल, रौतहटको पौराईबाबा स्थल आदिको पुनर्निर्माण र पुनरोत्थान गरी पर्यटकीय गन्तव्य बनाउनु सकिन्छ। भक्तपुर र शङ्खरापुर नगरपालिकाले यसमा उदाहरणीय काम गरेका छन्।

**(११) सूक्ष्म स्थानगत योजना** (Micro Spatial Plan) **:** विशेष महत्व बोकेका क्षेत्रका लागि लगानी कार्यक्रम सहित सूक्ष्म स्थानगत योजना कार्यान्वयनमा ल्याउनु पर्छ। नेपालमा प्राचीनता बोकेका

कतिपय स्थानहरू ओझेलमा परेका छन्। त्रिपुरेश्वरमा रानी त्रिपुरासुन्दरी देवीले बनाएको मन्दिर परिसर र थापाथली हाइटमा रहेको शिवालय संकटग्रस्त अवस्थामा छन्। काठमाडौं उपत्यकामा यस्ता संकटग्रस्त स्थान यत्रतत्र पाइन्छ। प्राचीन लोमाङ्गथाङ्गको पुनःरोत्थान योजना अघि बढेको छैन। तिलौराकोटलाई मानव सभ्यताको प्राचीन सहर मानिन्छ तर यसको प्राचीनता झल्किने गरी पुनर्निर्माण हुन सकेको छैन।

विगत केही दशक यता नेपालमा इतिहास, संस्कृति, सभ्यता र वास्तुकलामा अत्याधिक अतिक्रमण भएकोले कतिपय प्राचीन सहर र प्राचीन बस्तीहरूको पुनर्निर्माण हुन सकेको छैन। यस्ता क्षेत्रको विस्तृत पहिचान गरी वृहत गुरु योजना सहित स्थानीय तहको स्थानगत योजनामा कार्यक्रम ल्याउनु पर्छ। यस योजनाले स्थानीय तहलाई तालिका३ मा उल्लिखित गन्तव्यमा डोऱ्याउनेछ।

*तालिका ३:* **असल स्थानीय तहका विशेषताहरू**

- **योजनावद्ध स्थानीय सरकार**ः रणनीतिक, आवधिक तथा विषयक्षेत्रगत योजनाहरू निर्माण गरी सो योजनाका आधारमा निर्माण र विकास गर्ने स्थानीय सरकार। जस्तै, सडक निर्माण गर्दा स्थानीय यातायात गुरु योजनाले तोकेको परिमाण र गुणस्तर बमोजिम सडक बनाउने र जोखिम संवेदनशील भू-उपयोग योजनाले तोकेको क्षेत्रमा मात्र बस्तीहरू विकास गर्ने कार्य।

- **हरित स्थानीय सरकार**ः जलवायु मैत्री वातावरण संरक्षण योजना तथा वातावरणमैत्री स्थानीय शासनको प्रारूप बमोजिम आफ्नो क्षेत्रमा सडक आसपास वृक्षारोपण, बन संरक्षण, नदीनाला तथा पोखरी संरक्षण; पार्क, बगैंचा, हरित भवन अवधारणाको कार्यान्वयन; बर-पिपलका चौतारीको निर्माण; भू-संरक्षण आदिका माध्यमबाट आफ्नो क्षेत्रलाई हराभरा र सुन्दर बनाउने स्थानीय सरकार।

- **शिक्षित स्थानीय सरकार**ः नैतिक शिक्षा, वातावरणीय शिक्षा, व्यवसायिक शिक्षा, नियमित सर्वसुलभ शिक्षाको माध्यमबाट व्यवसायिक, उच्च चरित्रभएको, मूल्यवान र राष्ट्रप्रति वफादार सभ्य नागरिक उत्पादन गर्ने स्थानीय सरकार।

- **स्वस्थ स्थानीय सरकार**ः पोषण, स्वस्थ खानपीन, योग, ध्यान, उपचार, जनस्वास्थ्य, प्राकृतिक चिकित्सा, आधुनिक चिकित्सा, आयुर्वेद, खेलकूद आदिको माध्यमबाट स्थानीय बासिन्दालाई

मानसिक तथा शारीरिक रूपमा स्वस्थ बनाउन सक्षम स्थानीय सरकार।

- **समृद्ध स्थानीय सरकारः** उत्पादन, रोजगारी, सीप विकास, नवप्रवर्तन, उद्यमशीलता विकासको माध्यमबाट नगरिकको आर्थिक हैसियत माथि उठाउन सफल स्थानीय सरकार।

- **सफा स्थानीय सरकारः** प्रदूषण नियन्त्रण, प्लास्टिक नियन्त्रण, ध्वनी प्रदूषण नियन्त्रण, व्यक्तिगत तथा सामुदायिक सरसफाई, फोहोरमैला व्यवस्थापन आदिको माध्यमबाट आफ्नो क्षेत्रलाई सफा, प्रदूषणमुक्त र धुलोधुँवामुक्त बनाउने स्थानीय सरकार।

- **समावेशी स्थानीय सरकारः** बालमैत्री स्थानीय शासनको प्रारूप कार्यान्वयन, आर्थिक-सामाजिक रूपमा पछि परेका नागरिकको सुरक्षा, वरिष्ठ नागरिकको हेरचाह, लैङ्गिक समानता, समावेशी विकास आदिको माध्यमबाट सबै वर्ग र समुदायको हितमा कार्यरत स्थानीय सरकार।

- **सांस्कृतिक स्थानीय सरकारः** आफ्नो क्षेत्रको वास्तुकला, ललितकला, मूर्तिकला, काष्ठकला, भाषा, संस्कृति, लिपि, रैथाने खाना, मेला, जात्रा, पर्व, ऐतिहासिक सम्पदा, भेषभूषा, ऐतिहासिक दस्तावेज, पुरातात्विक महत्वका बस्तु, एतिहासिक स्थल, रैथाने प्रविधि आदिको संरक्षण गरी आफ्नो विशिष्ट पहिचान जोगाउने स्थानीय तह।

- **नतिजामुखी स्थानीय सरकारः** नतिजामुखी नगरपालिकाले नतिजामा विश्वास गर्दछ। प्रतिव्यक्ति आय, मानव विकास सूचकांकको अवस्था, सरदर आयु, विद्यार्थी भर्नादर आदि सूचकहरू हरेक वर्ष वृद्धि भएको हुन्छ। नतिजामुखी कार्यविवरण कार्यान्वयनमा आएको हुन्छ।

- **सभ्य स्थानीय सरकारः** सभ्य नगरपालिकाका नागरिकहरूले नागरिक संहिताको पालन गरेका हुन्छन्। ठगी, कालोबजारी, मिसावट, बेईमानी, चोरी, डकैती, मारपिट, झगडा-झाई आदि नियन्त्रण भएको हुन्छ। कानुनको शासन कार्यान्वयनमा आएको हुन्छ। बसोबास सुरक्षित हुन्छ। नागरिकहरूले एकअर्कालाई सम्मान गर्छन् र उच्च तहको सामाजिक विश्वास कायम हुन्छ।

- **सुशासनमुखी स्थानीय सरकारः** सुशासनमुखी अत्यन्तै न्यून बेरुजु हुने गर्दछ र भ्रष्टाचार विरुद्ध

| |
|---|
| शून्य सहनशीलताको निति अपनाइन्छ। आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा हुन्छ।<br><br>*(स्रोतः UN-Habitat Nepal, 2025 )* |

## सारांश

स्थानगत आधारमा निर्माण हुने आवधिक विकास योजना स्थानीय क्षेत्रमा विकास र समृद्धिको लागि कोशे ढुङ्गा सावित हुन सक्छ। यस योजना निर्माण पश्चात् सो योजनाको कार्यान्वयन सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक हुन्छ। कार्यक्रमविना योजना केवल स्रोतको बर्बादी मात्र हो।

स्थानगत आवधिक विकास योजनाका लागि विशेषज्ञ तथा सम्बन्धित सर्टिफाइड तालिमप्राप्त जनशक्तिको आवश्यकता हुन्छ। स्थानीय तहका आवधिक विकास योजनामा रणनीतिक र स्थानगत दुवै पक्ष समेटिएका हुन्छन्। नेपाल सरकारले प्रदेश सरकारसँग सहकार्य गरी सबै जिल्ला सदरमुकाम तथा जिल्ला सदरमुकामा नरहेका प्रदेश राजधानीहरूको स्थानगत आवधिक योजना निर्माण गरी यसको कार्यान्वयन कार्यक्रम समेत अघि बढाउनु पर्छ।

साथै, विशिष्ट महत्व बोकेका स्थानहरू जस्तै संस्कृत भाषाको उत्पत्तिस्थल पणेना, साङ्ख्य दर्शनका प्रवर्तक कपिल मुनिको आश्रमस्थल कपिलबस्तु, नमोबुद्ध, विराट दरबार क्षेत्र, लिमी उपत्यका, धो उपत्यका आदिका पुनरोत्थान र पुनर्निर्माणका लागि सूक्ष्म स्थानगत योजना निर्माण गरी सो योजना कार्यान्वयन गर्ने कार्यक्रम ल्याउनु आवश्यक छ। यसले स्थानीय आर्थिक विकासमा समेत महत्वपूर्ण योगदान दिनेछ।

## अनुसूची-१

## स्थानीय सरकारको आवधिक योजना  तर्जुमाका प्रक्रियाहरू*

स्थानीय तह योजना तर्जुमा तर्जुमा दिग्दर्शनमा आवधिक योजना निर्माण गर्दा अवलम्वन गर्नु पर्ने पक्रियाहरू विष्तृत रूपमा उल्लेख गरिएको छ। यसलाई तालिकामा संक्षिप्त रूपमा तल उल्लेख गरिएको छ।

| चरण | क्रियाकलाप |
|---|---|
| १. | आवधिक योजना निर्माणको निर्णय गरी बार्षिक बजेट तथा कार्यक्रममा आवधिक योजना निर्माणका लागि बजेट विनियोजन गर्ने |
| २. | नगरपालिकाको प्रमुख संयोजक, उप-प्रमुख उप-संयोजक, विषयगत समितिका संयोजकहरू सदस्य, कार्यपालिकाका सबै सदस्यहरू सदस्य, विषयगत महाशाखा वा शाखा प्रमुखहरू सदस्य, प्रमुखले तोकेको कम्तिमा एक जना महिला समेत निजी क्षेत्र, गैसस तथा स्थानीय विषय विज्ञ तीन जना सदस्य, र प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव रहने गरी आवधिक योजना तर्जुमा समिति गठन गर्ने। |
| ३. | तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी आधार नक्सा (Base Map) तयार गर्ने |
| ४. | स्थानीय सरकार को वस्तुस्थिति विश्ललेषण सहित वस्तुस्थिति विवरण तयार गर्ने |
| ५. | स्थानीय सरकार को आन्तरिक तथा बाह्य वातावरणको अवस्था चित्रण गर्न यसको राजनीतिक, संस्थागत, सामाजिक, प्राविधिक, कानूनि र आर्थिक अवस्था (PISTLE) को विश्लेषण गर्ने |
| ६. | नगरक्षेत्रको आन्तरिक सबल-दुर्बल (Strenght-Weakness) पक्षहरू र बाह्य अवसर तथा चुनौती (Opportunity and Challenge) को अवस्था थाहा पाउन विषयक्षेत्रलाई आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण र विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासमा विभाजन गरी यसको SWOC Analysis गर्ने। |
| ७. | PISTLE† and SWOC विश्लेषणको आधारमा आवधिक योजनाको ५ वटा विषय क्षेत्रलाई समेटी दीर्घाकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीती तथा मुख्य कार्यक्रमहरू निर्धारण गर्ने |

* (UN Habitat Nepal, 2025)

† Political , Institutional Social. Technological, Legal and Environmental Analysis

| चरण | क्रियाकलाप |
|---|---|
| ८. | आवधिक योजनामा हरेक विषय क्षेत्र र उपक्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गर्ने |
| ९. | आवधिक योजनाको नतिजा खाका तयार गर्ने |
| १०. | आवधिक योजनाका आधारमा परियोजना बैंक निर्माण गर्ने |
| ११. | आवधिक योजना कार्यान्वयनका लागि लाग्ने स्रोतको प्रक्षेपण गर्ने |
| १२. | आवधिक योजनाका क्रियाकलापका लागि योजना कार्यन्वयन तालिका तयार गर्ने |
| १३. | आवधिक योजनाको कार्यान्वयनको प्रगति अवस्था थाहा पाउन यसको अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी मध्यावदी समीक्षा लगायत अनुगमन तथा मूल्याङ्कन गर्ने |
| १४. | आवधिक योजनाको मध्यावधी समीक्षा गर्ने |

## सन्दर्भ सामग्री


Government of Nepal. (2024). *The sixteenth plan (Fiscal year 2024/25–2028/29)*. National Planning Commission.

Lumbini Social Service Foundation. (n.d.). *Lumbini master plan*. http://servelumbini.org/the-masterplan/

Ministry of Federal Affairs and Local Development. (2012). *Nepal rural road standards*. Department of Local Infrastructure Development and Agricultural Roads.

राष्ट्रिय योजना आयोग. (२०७८). *स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन.* नेपाल सरकार।

नेपाल सरकार. (२०४५). *नगर विकास ऐन, २०४५.* सहरी विकास मन्त्रालय।

नेपाल सरकार. (२०७२). *बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२.* सहरी विकास मन्त्रालय।

नेपाल सरकार. (२०७४क). *नेपाल परिचय.* सूचना विभाग।

नेपाल सरकार. (२०७४ख). *स्थानीय सरकार सञ्चालन ऐन, २०७४.* कानून किताब व्यवस्था समिति।

नेपाल सरकार. (२०७५). *बजेट तर्जुमा दिग्दर्शन, २०७५.* अर्थ मन्त्रालय।

नेपाल सरकार. (२०७६). *भू-उपयोग ऐन, २०७६.* नेपाल कानुन समाज।

नेपाल सरकार. (२०८२). *स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२.* सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय. (२०७५). *सहरी योजना तथा भवन निर्माण मापदण्डः स्रोत पुस्तिका.* GIZ CD-Mun Programme.

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय. (२०७८). *वातावरण मैत्री स्थानीय शासनको प्रारूप, २०७८.* नेपाल सरकार।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय. (२०७९). *स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९.* नेपाल सरकार।

Steuteville, R. (2021, August 12). *Ten social benefits of walkable places*. Public Square: A CNU Journal. https://www.cnu.org/publicsquare/2021/08/12/we-shape-our-cities-and-then-they-shape-us

UN-Habitat Nepal. (2025). *Local finance in Nepal*. UN-Habitat.